# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट
२०७३

बागमती प्रदेश, नेपाल

प.सं.:०८२/०८३
च.नं.:

## छात्रवृत्ति आवेदन दिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२३ (ने.सं. ११४६ तछलागा, षष्ठी)

विदुर नगरपालिका भित्रका जेहन्दार तथा गरिब स्थानीय बासिन्दा विद्यार्थीका लागि प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी कार्यविधि तथा मापदण्ड २०७७(संशोधन सहित) मा रहेको व्यवस्था बमोजिम तपसिलका मापदण्ड पूरा गरेका विद्यार्थीहरुले मिति २०८३/०३/३२ गते कार्यालय समयभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेस गर्नुहुन सूचित गरिन्छ।

तपसिल :

१. पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालयमा ३ वर्षे प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई मात्र यो छात्रवृत्ति प्रदान गरिने छ।

२. छात्रवृत्ति आ.व. २०८२/८३ मा प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई मात्र प्रदान गरिने छ।

३. छात्रवृत्ति सामुदायिक विद्यालयबाट SLC वा SEE उत्तीर्ण गरेकालाई मात्र प्रदान गरिनेछ। तर कक्षा ८ मा भर्ना भएर अध्ययन सुरु गरेपछि परिवारमा आम्दानी गर्ने अभिभावकको मृत्यु भएमा सोही विद्यालयमा निरन्तर अध्ययनरत विद्यार्थीको हकमा निजी विद्यालयबाट SLC वा SEE गरेकालाई समेत प्रदान गर्न कुनै बाधा पर्ने छैन।

४. स्थानीय दलित, महिला तथा जनजातिलाई प्राथमिकता दिइनेछ। अभिभावकविहीन, बाबु नभएको र आमाको नियमित आम्दानी नभएको विद्यार्थीलाई विशेष प्राथमिकता दिइनेछ।

५. प्राविधिक शिक्षा (३ वर्षे डिप्लोमा) का लागि SLC/SEE मा GPA 2.0 भन्दा न्यून भएको आवेदनलाई समावेश गरिने छैन।

६. निवेदकले आफू स्थानीय बासिन्दा भएको प्रमाणका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र पेस गर्नुपर्नेछ। अन्यत्रबाट बसाइँसराई गरी आएकाले कम्तिमा ५ वर्षअघिदेखि स्थायी बसोबास गरेको बसाइँसराईको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

७. निवेदकले आफू गरिब तथा जेहेन्दार भएको प्रमाण सम्बन्धित वडा कार्यालयको सिफारिस पेस गर्नुपर्नेछ।

८. निवेदकले आफू सामुदायिक विद्यालयबाट SEE/SLC/TSLC उत्तीर्ण गरेको प्रमाणपत्र वा सिफारिस पेस गर्नुपर्नेछ। तर कक्षा ८ मा भर्ना भई अध्ययन गर्न थालेपछि परिवारमा आम्दानी गर्ने अभिभावकको मृत्यु भई सो विद्यालयमा निरन्तर अध्ययन गर्दै आएका विद्यार्थीहरुको हकमा निजी विद्यालयबाट SLC वा SEE गरेकाले अभिभावकको मृत्युदर्ता, वडा तथा विद्यालयको सिफारिस पत्र पेस गर्नुपर्नेछ।

९. निवेदकले ३ वर्षे डिप्लोमाका लागि २०८२ सालमा भर्ना भई प्रथम वर्षमा अध्ययनरत रहेको बेहोरा खुलेको सम्बन्धित अध्ययनरत संस्थान वा शिक्षालयको सिफारिस पत्र पेस गर्नुपर्नेछ।

२०८३/०३/२३

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१०. छात्रवृत्ति पोष्ट बहादुर बोगटी बहुप्राविधिक शिक्षालयमा तपसिलको विधा र संख्यामा उपलब्ध गराइनेछ।

| क्र.सं. | विधा/संकाय | संख्या |
|---|---|---|
| १ | बाली विज्ञान ३ वर्षे डिप्लोमा | ३ |
| २ | पशु विज्ञान ३ वर्षे डिप्लोमा | ३ |
| ३ | होटल म्यानेजमेन्ट | ३ |
| | जम्मा | ९ |

११. निवेदकले शैक्षिक योग्यताका प्रतिलिपि र प्राविधिक शिक्षालयको प्रवेश परीक्षामा उत्तीर्ण गरेको अंक सम्बन्धित शिक्षालयबाट प्रमाणित गराई पेस गर्नुपर्नेछ।

१२. रित नपुगेको र म्याद नाघी आएको निवेदनमाथि कुनै कारवाही हुनेछैन।

१३. छात्रवृत्ती छनौटमा कुनै दुविधा उत्पन्न भएमा सिफारिस समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।

१४. यस सम्बन्धी थप जानकारीका लागि विदुर नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ।

वोधार्थ :

१) श्री सूचना प्रविधि शाखा : वेवसाइटमा अपलोड गरिदिनुहुन।

२) श्री पोष्टवहादुर बहुप्राविधिक शिक्षालय, विदुर,नुवाकोट : विद्यार्थीहरुका लागि सूचना प्रवाह गरिदिनुहुन।

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थः
श्रीमान् नगरप्रमुखज्यू
श्रीमान् नगरउपप्रमुखज्यू

२०८३/०३/२३



CamScanner